# **प्रारम्भिक कविताहरू**
(सन् १९७०-७८ मा लिखित

पवन चामलिङ 'किरण'

प्रकाशक
**निर्माण प्रकाशन**
**नामची (सिक्किम)**

प्रकाशिका :
श्रीमती धनमाया चामलिङ
**निर्माण प्रकाशन**
राङराङ बस्ती याङगाङ,
दक्षिण सिक्किम।

प्रथम संस्करण : १९९१
तृतीय संस्करण : १९९६

मूल्य : ५० भा. रू.

सर्वाधिकार : रचनाकारमा सुरक्षित

मुद्रक :
ताज प्रेस,
नई दिल्ली

# समर्पण

मामा-पापालाई

छोरा जेठो
'पावन'

## दोस्रो संस्करण बारे केही कुरा

मेरो पुस्तक 'पवन चामलिङ' 'किरण' — का 'प्रारम्भिक कविताहरू' पुनः प्रकाशनमा ल्याउने विचार सफल हुनुमा यसको विशेष श्रेय पाठकवर्गलाई नै जान्छ किनभने उहाँहरूको माया र सहयोगबिना त यो सम्भव नै थिएन।

यसपल्ट यो 'प्रारम्भिक कविताहरू' — को नामले प्रकाशित हुँदैछ। संकलित कविहरूबाट ६ वटा हटाइएका छन् भने २३ वटा दोस्रो संस्करण - संकलनमा समावेश गरिएखआ छन्। यी कविताहरू पनि प्रारम्भिक काललमा नै लिखिएका अनि पत्र-पत्रिकामा प्रकाशित भएको हुन्, जो ती पत्रिकाहरूबाट लिइएखआ छन्। अरू कविताहरू भने केही संशोधन गरेर राखिएका छन्।

अन्तमा पाठक एवं साहित्यिकवर्गले मेरा यी कविताहरूको यथोचित मुल्याङ्कन गरिदुनुहुनेछ भन्ने बारे म आशावादी छु, र यति भए मलाई पुग्छ। इति।

घुर्बिसे बस्ती | पवन चामलिङ 'किरण'
नामची (दक्षिण सिक्किम)
२१ दिसम्बर १९९२

## पहिलो संस्करणको प्राक्कथन

'अन्तहीन सपना : मेरो विपना कविता' - संकलन १९८६ सालमा नै प्रकाशित भइसकेको भए तापनि त्योभन्दा पहिला १९७०-७८ भित्रमा रचिएका र पत्र-पत्रिकातिर प्रकाशित र कति चाहिं फाइलमा नै चेप्टिएर बसेका मेरा प्रारम्भिक कविताहरूलाई संकलनको रूपमा प्रकाशित गर्ने मेर अठोट कदाचित् धृष्टता नहोला। 'अन्तहीन सपना : मेरो विपना' पुस्तकाकारमा अघि प्रकाशित भए तापनि प्रारम्भिक कविताहरू मेरो पहिलो कविता - संग्रह मानिदिनुहुनेछ।

मेरो पुस्तक 'अन्तहीन सपना : मेरो विपना' प्रकाशित गर्दा या कविताहरू पुस्तकाकारको रूपमा प्रकाशित नगर्नु पर्‍यो भनेर मैले सोचेको थिएँ, तर १९९१ सालमा आइपुगेपछि विचारधारामा अनायालै परिवर्तन भयो र यो पुस्तक प्रकाशित गर्ने विचार आयो। यी कविताहरूलाई पुस्तकको रूपमा दिंदा केही मात्रमा भए पनि यी जनसाधारणसम्म पुग्नेछन् अनि मैले मन नपराएका अरूले पनि मन पराउँदैनन् भन्ने केही छैन भन्ने लाग्यो।

यी कविताहरूमा कविता हुनुपर्ने गुण र स्तर अवश्य पनि नहोलान् किनकि प्रारम्भिक कालमा लेखिएका बैंशालु अभिव्यक्ति मात्र हुन्। आफैले भोगेका अभाव, असुरक्षा, सामाजिक कुसंस्कार, कुण्ठा, बुन्धन, गर्वभेद, वर्णभेद, जात-पात, उच्च-नीच, शोषण-दमन तथा उत्पीड़न यी कविताहरूका प्रेरणा-स्रोत हुन्। यी कविताहरू पढ्दा द्वन्द्वत्मक भौतिकवादको गन्ध आउनु स्वाभाविक हो किनकि यी कविताहरू मेरो जीवनजस्तै जवीनसापेक्ष बनेर जीवनवादी बनेका छन्। कुनै वादको अनुसरण गरेर यी कविताहरू लेखिएका छैनन्। कुनै वादको घेराभित्र आजका रचनाकार स्वतन्त्र बनेर बाँच्न सक्तैन तर मान्छे स्वतन्त्र बनेर बाँच्न चाहन्छन्। मान्छेको स्वतन्त्रता र सुखको पक्षमा म छु। हुन त साहित्यमा धेरै 'बाद', 'आयम' — को प्रादुर्भाव स्राष्टहरूबाट भए। आज नव-आधुनिकतालाई अँगाल्ने स्रष्टाहरू पनि छन्। तर स्रष्टा नै हुन् र अतुलनीय हुन्छन् - स्रष्टा। यी मेरा

कविताहरू आफ्नै स्वतन्त्र वैचारिक, काल्पनिक र आन्तरिक तरङ्ग मात्र हुन्।

यस पुस्तक प्रकाशन सम्बन्धी सहयोग पुर्‌याउने यी शुभचिन्तकहरूमा धन्यवाद ज्ञापन गर्न चाहन्छु :-

- पुस्तक विषय दुइ शब्दका साथ प्रूफ, डिजाइन र मुद्रण गर्नमा सघाउ पर्‌याउने 'विचार प्राकाशन' — का मालिक तथा 'विचार' अर्द्ध - साप्ताहिकका सम्पादन श्री सुवास दीपकज्यूलाई,
- पाण्डुलिपि तयार पार्न सहयोग गर्ने श्री कालुदास राई र सुत्री सुमित्रा राईलाई,
- साहित्य संसारमा ताते गर्न सिकाउने गुरूजी श्री तुलसी 'कश्यप' — ज्यूलाई,
- मेरा कविताहरू प्रकाशित गरिदिएर प्रेरणा दिने पत्र-पत्रिका सम्पादक - वर्गलाई,
- प्रकाशन विषयमा सहयोग गर्ने मेरा भाइहरू प्रतिमान, सन्तबहादुर, रूपेन र अशोक चामलिङलाई,
- 'विचार प्रकाशन' — का कर्मचारीवर्ग सर्वश्री देवराज राई, प्रेम खालिङ, प्रेम गुरूङ र धीरज बान्तवलाई, अनि
- कविता र साहित्य बुझेर सँधै सहयोगी बनिदिने मेरी श्रीमती टिका चामलिङ - लाई

१९ दिसम्बर, १९९१ पवन चामलिङ
गान्तोक (सिक्किम)

## पहिलो संस्करणको भूमिका

यस संग्रहभित्र परेका श्री पवन चामलिङ 'किरण' – का ७८ वटा प्रारम्भिक कविताहरूलाई पढ्दा २०/२५ वर्ष अधिका युवा संवेदनशील कविको संसारमा नियालेर हेर्ने अवसर पाएँ।

आफ्नो हुनुप्रति, समाज, संस्कृति, भाषा र साहित्यप्रति, देश, परिवेश र समग्र मानवप्रति सकारत्मक दृष्टिकोण र भावना राख्ने अति भावुक कविले पोखाएका उद्‌कार हुन् यी कविताहरू। उहाँ स्वयं भन्नुहुन्छ – "भालेढुंगाको काखमा अवस्थित सानो गाउँको नाम हो राङगाङ। यही गाउँमा जन्मेर, यहाँकै उकारी - ओह्रालीमा रमाउँदै म जवान भएँ झैं मेरा कविताहरू पनि यहीं कै परिवेश, वातावरण र प्रेरणाले साकार रूप लिनसकेका हुन्।"

जागरूक र इमानदार रचनाधर्मी ती हुन् जसले सामाजिक संदर्भहरूमाझ गुज्जँदै आफ्नो चोखो अनुभूतिलाई सही र सार्थक अभिव्यक्ति दिनसक्छन्। डा० नगेन्द्र अनुसार आत्माभिव्यक्ति नै त्यो मूल तत्व हो जसबाट कुनै व्यक्ति साहित्यकार र जसको कृति साहित्य बन्न पुग्छ।

श्री पवन चामलिङ 'किरण' को यस संग्रहमा परेका कविताहरूको समग्र आलोचना गर्ने मेरो विषय र क्षेत्र होइन तर यति भन्नुसक्छु कि यी कविताहरू समाजका रूढ़ अनुशासनदेखि बाहिर स्वच्छन्द मावन स्वभावमा त्यसको मुक्तिलाई अक्षुण्ण राख्दै समाजका लागि अनुकूलता उत्पन्न गर्ने साहित्यको उद्देश्यमा सफल छन्।

राजनीतिमा चुर्लुम्म डुबे तापनि 'कविले पवन चामलिङलाई बचाउने पक्षमा' रहनुहुने कवि "राजनीति र साहित्यको दोभानमा बसेर मान्छेको सुख र शान्तिको निम्ति

तपस्या" गर्दै हुनुहुन्छ। उहाँ मान्छेको शाश्वत मर्यादा र अस्तित्वको रक्षार्थ कमलको हतियार लिएर संघर्षरत हुनुहुन्छ भने रूढ़ीग्रस्त समाजमा मानिसले भोगिरहेका विसंगतिहरू प्रति उहाँको कोमल र संवेदनशील ह्रदय रोएको छ। मान्छेलाई सही दिशा र सही मूल्यबोध दिनु नै रचनाकारको दायित्व हो। उहाँ लेखकीय स्वतन्त्रताका पक्षधर हुनुहुन्छ र भन्नुहुन्छ कि यसैबाट मात्र जन-मानसलाई न्याय दिन सकिन्छ।

सरल र सुवोध भाषा, अभिव्यक्तिमा क्लिष्टताको अभाव र आफ्नो माटोमा भिजेका यी कविताहरू को समग्र नेपाली साहित्य संसारमा आत्मीय स्वागत हुनेछ भन्ने विश्वास साथ-

२३ दिसम्बर, १९९१ सुवास दीपक

## हाम्रो नयाँ वर्ष

माया र दया थापेर
धेरै-धेरै युगहरू
'बोन्साई' जस्तै बाँचेर
जीवन बिताउने हामी।
अत्याचार सहनसक्ने बीर हामी।
हाम्रो लागि आएन नयाँ वर्ष :
हाम्रो लागि सधैं दुःखको वर्ष।
एक मुठी मान्छेको लागि पेवा बनेर
आउँछ सधैं नयाँ वर्ष,
हाम्रो लागि कहाँ आउने हो र नयाँ वर्ष।
कति युग बितिसके, कति शदी बितिसके,
तर आएर हाम्रो नयाँ वर्ष।
तिमी, म र हामी झैं
हदभोगीका लागि त
हामीले ल्याउनु छ नयाँ वर्ष।
हाम्रो भाग्यको जगेड़ा,
हाम्रो अधिकारको सुरक्षाको लागि
ल्याउनुपर्छ हामीले हाम्रो लागि नयाँ वर्ष
हाम्रो मुक्ति र अधिकारको नयाँ वर्ष।
हाम्रो खुशी र स्वतन्त्रताको नयाँ वर्ष!
आउँदैछ - हामी भएर हाम्रो नयाँ वर्ष!

## मसिना कविताहरू

### कोमल

यो विश्व-बागमा
कोमल हुनु पनि गाह्रो छ,
किनकि
ती कोमल बादलको अस्तित्व
हावाले कहाँ-कहाँ उड़ाएर पुर्‍याइदिएको छ।

### लोटो बोल्छ

चिसेनीमा मैले त आगो जलाउनु परेको छ,
बलेको आगो त लाटोले पनि ताप्छ।
मैले त कुण्ठित आवाहरू बोल्नु परेको छ,
मान्छेले बोल्ने खुल्ला शब्दहरू त लाटोले पनि बोल्छ।

### कुतकुती

सम्झनामा फैलिएका आकाश बोकेर
प्रत्येक पल र क्षणहरू
मैले भोगेको जिन्दगीमा
मैले देखेको र भेटेको मात्र होइन,
तर सबै-सबै म - मा आत्मसात् भएका छन्;
यो सानो छात्तीको व्यापक ह्रदयभित्र
सबै-सबै मेरो मनलाई लगाएका छन् कुतकुती।

## पापी मन

मायालु अनुहारहरू सधैं-सधैं
आँखामा अल्झिन्छन् कति-कति।
यो मनलाई सबै आफ्नो लाग्छ
मायालु नयनले देखे जति।
ह्रदयलाई स्पर्श गरेर जाने
प्रत्येक कोमल अनुहारलाई
मायालु कसरी मान्नु?
यी आँखामा कति आउँछन्,
सबैलाई आफ्नो कसरी भन्नु?
तर पनि किन हो यो मनले
सबैलाई आफ्नो भनुँ-भनुँ गर्छ,
थाहा छैन यो ज्यानलाई
सबैको आफू बनुँ-बनुँ गर्छ।

## पागल

त्यो मान्छेको गला
मान्छेले निमोठेको छ,
उ पागल होइन
उसको मुटु मान्छेले चिमोटेको छ

## मेला

देख्छु जगमा साना-ठूला, भेदभावको मेला
अँध्यारो लाग्छ धरती पनि मानवता रोएको बेला।
मान्छे सबै एउटै रगतको विचार बेग्लै हुन्छ,
स्वार्थ र पापको मान्छे बनेर मानवता यहाँ रून्छ।

## म

म सधैं आफ्नो संसारमा
खुशीको सिंहासनमा मदमस्त छ,
आफ्नै ह्रदयको राजकुमार
म आफैमा सँधै व्यस्त छु।

## पशुको मृत्यु

धनी मर्छ
शोकले,
अफसोसले
लोभले
जिउँदै –
हजारपल्ट मरेकोले
उसको मृत्यु –
पशुको जस्तै हुन्छ।

## मान्छेको मृत्यु

गरीब मर्छ –
भोकले,
रोगले,
शोषणले
तर एकैपल्ट मर्छ –
मान्छे जस्तै
मान्छेको मृत्यु।

## मायाको रूप

उमेरका खुड्किला सँग-सँगै
मान्छेको रूप र रंग परिवर्तित हुँदैजान्छ।
मान्छे बद्लिंदै गए तापनि
माको रूप सधैं समान रहन्छ।

## मायाको अभाव

मायाले बाँधेको यस संसारमा हेर
मायाकै कस्तो अभाव छ प्रियें
मायाले निर्मित तिम्रो र मेरो संसार
मायाकै अभावमा रोएको छ प्रिय!

## अभिलाषा

जन्मियौं हामी जगति तलमा
सृष्टिको श्रेष्ठ फूलबारीमा,
उद्देश्य लिऊँ सूर्य-सरह
चम्किने, यो काँड़ा-घारीमा

### मान्छे

यो युगको मान्छे
लाग्छ मानौं मान्छे नै होइन।
स्वार्थको पुजारी मान्छेले
दानवको रूप लिइसकेको छ,
र मान्छे भनी विश्वास गर्नु पनि व्यर्थै छ।

## कठोर

त्यो ढुंङ्गा
जसले ब्लास्टिनको प्रतिधातमा धूलो-पीठो भएर
अस्तित्व गुमाउनु परेको छ;
झ्याम्पल र मार्तोलको प्रहारमा
छात्ती छोड़ीमाँग्नु परेको छ; सहर्ष।

## अदृश्य

हावाले अदृश्य रूप लिएको पनि,
स्वार्थीहरूसँग बाँच्नलाई, नै हो।
प्राणीहरूसँग पल-पल रक्षा गरेको पनि
संसार उजिल्याउनै लागि हो!

## अफालिएको ढुंगा

बाटोमा अफालिएको ढुङ्गा नै
मान्छेको पाउले कुल्चिएको छ,
देव-मन्दिरमा पुर्‍याएर त्यही
ढुङ्गा नै पुजिने छ!

## पराइ

आफ्नो र मेरो भन्ने यहाँ
मान्छेहरू को छन् र!
मान्छे नै एक हुनु भने
पराइ यहाँ को छ र!!

## कोमल

त्यो बादल
जसको गति हावाले कहाँ-कहाँ उड़ाएर पुर्‍याएखओ छ,
वसन्तकै खातिर पानी बनेर आँशु यहाँ चुहाएको छ।

## मानवसँग

निरीह प्राणीलाई किन सताउँछौ!
पशुभन्दा पनि किन नीच बन्दछौ –
ए मानव!
तिमी मान्छे हौ! तिमी देव हौ,
तिमी त सृष्टिको श्रेष्ठतम प्राणी हौ,
नसताऊ – नसताऊ, निरीह प्राणीलाई
नबन-नबन दुष्ट तिमी!

## आधुनिकता

एउटा फुकुण्डा
हावा भरेपछि
फुलिन्छ र
सुन्दर देखिन्छ।

## हाँसिरहेछु

म मानवको एक सन्तान
विश्वका मान्छे मेरो परिवार,
मेरो घरः मेरो संसार,
सबै व्याप्त भएर बाँचिरहेछु,
कतिकै दुःखुमापनि म हाँसिरहेछु।

## अन्जान म

अन्जान बन्दैछु –
आफ्नै अघि र पछिका पाप र धर्मसँग,
आफ्नै मर्म र कर्मसँग;
किनकि म त सेवा र समर्पणको
बलिवेदीमा पहिला नै चढ़िसकेको छु।
मदेखि हामी र
हामीदेखि सम्पूर्ण मानवमा
म त आत्मसात् भइसकेको छु।
मेरो, तेरो, फलनादेखि धेरै टाढ़ा
म त मदेखि पनि अन्जान बनेको छु।

## जानिनँ

शूलले-शूल सजेको जगमा
फूल बनी जिउन जानिनँ,
विषै-विषले भरेको भव-प्यालामा
अमृच सम्झी पिउन जानिनँ।
पापै-पापले भरिएको संसारमा
धर्म खोज्न जानिनँ,
झूटै-झूटको धरतीमाथि
सत्य रोप्न जानिनँ।
दानवले भरिएको संसारमा
मानव बनी जिउन जानिनँ,
दानवका पुजारी मानवलाई
देवता सम्झी पुज्न जानिनँ।

## बादल

बादललाई कोमल मात्र नभन,
कोमलतामा भर पनि नपर –
कोमलताभित्र असिना झैं कठोर,
वायु, झैं प्रबल शक्ति
लुकेर बसेको हुन्छ।
यसैले,
असिना र पानी वर्षाएर
भल र पहिरो चलाएर
संसारको अस्तित्व मेटाइदिनेछ,
संसार पल्टाइदिनेछ।

## आधुनिक युग

यो युगको छात्तीभित्र –
स्वार्थको पहिरोसँगै यीशु, गाँधी बग्दैछन्,
सत्य, अहिंसा डुब्दैछन्,
कोमल भावना पुरिंदैछ;
मानवता रूँदैछ।
यसैले –
धरतीको छात्तीमा आज –
अँध्यारो रात मात्र छ।

## शीत

शीतलाई अस्तित्वहीन नसम्झ!
सूर्यको किरण पर्दै
बिली जान्छ पनि नभन।
सूर्यको किरण पर्दा
मोती बनी चम्किन्छ,
यसैले –
कविको कविता शीत यो,
प्रकृति सजाउने प्रतीक यो;
सूर्यको किरणसाथ चम्किरहन्छ,
कविता कविको यो बाँचिरहन्छ।

## के चढाऊँ?

तिमीलाई प्रिय!
यो संसार नै दिन चाहन्छु,
तर यो पनि त मेरो भइदिएन!
सूर्य-चन्द्र नै कोशेली चढाऊँ भन्छु,
तर त्यो पनि मेरो सामर्थ्यदेखि बाहिर भयो।
यसैले प्रिये!
यो मन मात्र दिइरहेछु!
अरू के चढाऊँ तिमीलाई,
यो चोखो माया सिवाय?

## मान्छे अनि कर्त्तव्य

ए मान्छे! किन भन्छौ?
अलिकता कर्त्तव्य गर्दै –
गलिसकें, थाकिसकें
जबकि कर्त्तव्यभित्र नै
तिम्रो अस्तित्व बाँचेको छ,
किनकि साँचो कर्त्तव्यलेनै
तिम्रो अस्तित्वको निर्माण गर्नेछ।
तिमीले पुजेको कर्त्तव्यले एक दिन तिमीलाई
त्यो सिंहासनमा पुर्‍याउने छ,
तिमीले बगाएको पसिना पनि
तिमी बनी चम्किने छ,
तिम्रो पाइला परेको भूमि पनि
पूज्य बन्नेछ।

## एउटा प्रश्न

आफ्नो सुख मात्रै हेर्ने हो कि,
जनताको दुःख पनि हेर्ने हो?
गाड़ी – बिल्डिङ्ग मात्रै किन्ने हो कि,
देशको उन्नति पनि गर्ने हो?
आशा मात्रै देखाउने हो कि,
काम पनि गरेर देखाउने हो?
देशलाई अघाड़ि बढ़ाउने हो कि,
आफै मात्र भुँड़ी बढ़ाउने हो कि,
आफै मात्र भुँड़ी भरी मोटाउने हो?

## सपनाको गर्भ

युग-युगको लामो सपनाको गर्भ बोकेर
म पनि यो शताब्दीमा आइपुगेको छु,
अस्तव्यस्त मान्छेका बस्तीहरू भएर,
त्रस्त-त्रस्त मान्छेका हूलहरू भएर,
माँग, जुलूस, हड़ताल, क्रान्ति, सत्यग्राहको नाम बोकेर;
पोस्टर, नारा, अश्रुग्यास, गोली-बारूद छात्तीभरि टालेर,
सपनाको गर्भभित्रको उकुसमुकुसिएको जिन्दगी भएर —
जन्मनै नपाएको यो सपनाको गर्भ
कति-कति शताब्दीदेखि 'क्यू'- मा पालो पर्खेर।

## पल-पल जलिरहेछ

अरूको खातिर बाँच्ने मान्छे
मान्छेकै खातिर रोइरहेछ,
अश्रुसरिको नयन उसको
टिस्टा-रंगीत यहाँ बहिरहेछ।
जीवन उसको अश्रु-सागर
सपना-विपना डुबिरहेछ,
जीवन उसको उर-चितामा
पल-पल नित्य जलिरहेछ।

## आव्हान

रोम-रोममा जगाई आशा-अभिलाषा
जन्मिरहेछ नयाँ दिन संसार पार्न खाशा।
सुमतीको ज्ञान लेऊ परोपकार कर्म
नयाँ दिन गर्छ आव्हान लाग गर्न धर्म।
हाँसी-हाँसी बाँचिदेऊ दुई दिन भए पनि
बाँची रहोस् कर्म तिमी नरहे पनि।
शान्त अटल बनेर बाँच पहाड़ समान
सत्यकर्म गर तब रहला नाम।
ज्ञान, धर्म, अहिंसा, सत्यको नाश भो;
पापी, कप्टी, दुष्ट मानवको जन्म भो।
भू-तल बीचमा अन्धकारको राज्य भो,
हटाऊ! अन्धकार, ए मानव हो।

## हिजो-आज

पुर्खको कल्पना
हिजो बाजेले देखेको सपना,
आज खरानी बनेर उड़ेको छ।
हिजो बाबुले नगरेको कल्पना
आज विपना भई बढ़ेको छ,
हिजो बाबुले हिंड़ेको बाटो पनि
आज छोराले हिंड़न छोड़ेको छ।
यसैले –
सृष्टि परानै भए पनि –
मान्छे नयाँ भई टोपल्छ,
सूर्यचन्द्र परानै भए पनि –
मान्छेले नयाँ किरण खोज्छ।

## यस्तै लाग्छ

मलाई लाग्छ –
यो संसार पल्टाइदिऊँ,
ताकि,
धरतीको छात्ती टेक्न आउने
काला पाउहरू पुरिऊन, थिचिऊन,
र लाग्छ कि –
स्वर्ग छुने उच्च त्यो सगरमाथा,
कहीं अनेकौं डाँड़ाहरू
र
कहीं त्यो समतल
जहाँ लाखन् सागरहरू,
र छ कहीं त्यो मरूभूमि;
जहाँ चट्टान र धूलोहरू
यी सब जोतेर –
एक बनाई दिऊँ लाग्छ
ताकि
धरती केवल एउटै, एउटै होस्।

## मान्छे र कर्त्तव्य

मान्छे –

कर्त्तव्यको रथमा चढ़ी

त्यो सिंहासनमा अमर-राज गर्नसक्ने

एउटा जीवित प्राणी

जहाँ उसको अस्तित्वको पूजा हुन्छ,

उसको पाइला परेको भूमि पनि पूज्य हुन्छ।

कर्त्तव्य –

निरन्तर दौड़नसक्ने एउटा रथ

यो जति हाँके पनि दौड़नसक्छ मान्छे र कर्त्तव्य

जहाँ पुर्‍याए पनि पुग्नसक्छ,

यसैले मानवलाई धरतीदेखि

उड़ाएर आकाश चढ़ाउनसक्छ,

भत्किसकेको अस्तित्वलाई पनि पुनः

निर्माण गर्न सक्छ।

## एक गीत

जिस्काउँदा रिसाउने सालीलाई
चालै नपाई लैजाला भेनाले।
आफ्नो सम्झी मैले त बोला' को
तिर्खा लागे पानी छ खोलाको।
जाड़ो लाग्यो हिउँदको घाम प्यारो
ठुस्किने सालीलाई फकाउन क्या साह्रो।
फुरफर बेसी नगर सालीज्यू
अझै पनि जवान छ भेनाज्यू।

## पुकार

उच्च-नीचको भेदभाव तोड़ी
मानव एक बनाऔं,
शोषणलाई खरानी बनाई
गरीबी बन्धन तोड़ी।
प्रेमै-प्रेममा संसार सजाई
हिंसा-ईर्ष्या तोड़ी,
सबले पसीना यहाँ बगाई
धरती फूल फुलाऔं।
एकता नै बल हो पुकार गर्दै
मानव अघि बढ़ौं,
नीलाम्बरका तारासरी नै
धरती यहाँ चम्काऔं।

## मेरो देश

सधैं हल्ला बोकेर
यी गाउँ, शहर र देशका मानिसहरू
आन्दोलन/जुलूस/हड़ताल भएर
भाषण/नारा/पार्टी भएर
ठूला-ठूला माँगका पोस्टरहरू र क्रान्ति
ढुङग्ा, भित्ता रूखतिर टालेर
उफ्रिन्छन्!/नाच्छन्/खुशी हुन्छन्!
तर शून्यमा शून्य जोड़दा हातमा शून्य लाग्छ
फेरि यी मानिसहरू
उफ्रिन्छन्! कराउँछन्! पश्चाताप गर्छन्!
यस्तै हल्लामा यो देश
डुब्दै जाँदैछ.......डुब्दै जाँदैछ.......।
यस्तै हल्ला मात्रको व्यवस्थामा बाँच्ने मान्छेहरू
अन्याय-अत्याचारको बोझले
झुक्दै जाँदैछन्.....झुक्दै जाँदैछन्।

## बोध

जति हिंड़े पनि नसकिने,

फैलिएर अझै तन्किंदै जाने,

विश्वको छात्तीभरि यो सड़क

आजकल खचाखच हुँदैछ।

मानिसको पाइलासम्म टेक्ने ठाउँ

हम्मे-हम्मे हुँदैछ,

सड़को आयतनभरि

मान्छेका पाइलाहरू होड़बाजी गर्दैछन्,

तैं छाड़ र मै छाड़ गर्दै

पाइलाहरू, पाइतालासँगै

हार-जीत र बाजी स्वीकार्दैछन्।

तर चूपचाप सड़क चल्मलाउँदैछ,

सड़क बुझ्दैछ,

सड़क उठ्दैछ।

## तिम्रो र मेरो आव्हान

एकपल्ट होइन,

दुइपल्ट होइन,

यस्तो अत्यचार

भइरहेछ बारम्बार;

पुगेन यिनीहरूलाई

लुटेर पनि हाम्रा घरबार।

हाम्रा छात्तीमाथि पनि

यिनीहरू नै नाच्छन्,

हाम्रा रगत र पसीना लुटेर पनि

यिनीहरू नै बाँच्छन्।

कसले बचाउने हो?

यो विश्वमा गरीबहरूको लाज

उखेली फ्याँकिदेऊ है,

मान्छेको संसारबाट –

यी पापीहरूको राज!

## बाध्यता

एकपल्ट जन्मेर

यस महासंसारमा मान्छेले

सधैंका लागि बाँचिसक्नु पर्ने।

ममबत्ती जस्तै आफूलाई

यस संसारमा जलाएर

मान्छेकै लागि

समर्पित हुनुपर्ने।

कहिले-काहीं मान्छे भएर पनि

मान्छेकै खातिर

किन मान्छेको जिन्दगीको यात्रामा

नीलकण्ठ भएर पनि

चूपचाप बाँच्नु पर्ने।

मान्छे भएर आफूजस्तै

अर्को मान्छेसँग पनि डराए

बाँच्नु पर्ने।

# म

जिन्दगाको सराप लागेर

बेस्याहार छन् मेरा कथाहरू –

एउटा खोक्रो संसार सजाएर

मैले 'मेरो' हराइसकें आज

मैले 'मलाई' नै निलिसकें आज

मैले आफ्नो अस्तित्व बिर्सिसकें आज,

मैले मेरो संसार बिर्सिसकें आज!

यसैले

गड्डीमा इज्जत पिएर

धर्खरिएको मान्छे जस्तै –

बेस्याहार छन् मेरा कथाहरू,

निराकार छन् मेरा वास्तविकताहरू।

## बाँकी छ

नीलम्बरको शून्यतामा
चाँदनी उदाउनु बाँकी छ,
पृथ्वीको अन्धकारमा
सूर्य उदाउनु पाँकी छ।

शरदको उजाड़तामा
वसन्त आउनु बाँकी छ;
मरूभूमिको शुष्कतामा
पानी पर्नु बाँकी छ।

धरतीको फूलबारीमा
सुन्ध लाग्नु बाँकी छ,
मान्छेको संसारमा
विवेक पलाउनु पाँकी छ।

चन्द्रमाको वक्षस्थलमा
कलंक मेटिनु बाँकी छ,
मानवको संसारमा
मानवता आउँनै बाँकी छ!

## भूल रहेछ

फूल भनी चुमें मैले
काँड़ा रहेछ,
अमृत भनी पिइदिएँ
विष रहेछ।
मानव भनी विश्वास गरें
दानव रहेछ,
विपना भनी हर्ष मान्थे
सपना रहेछ।
देवता भनी पूजा गरें
पत्थर रहेछ,
गाँधी भनी पछ्याइहिंड़े
ड्र्याकुला रहेछ।
यीशु-बुद्ध जन्मन्छन् भन्नु
भूल रहेछ!

## क्रान्ति अनि निष्कर्ष

मान्छे-मान्छे जस्तो बाँच्नसक्नु

क्रान्तिको अन्तिम सफलता हो,

अन्तिम निष्कर्ष हो,

वास्तवमा यही नै क्रान्तिको सम्पूर्णता हो।

मान्छे जब यो संसारमा

बाँच्ने स्थितिमा हुनेछ

तब मात्र आजसम्म गर्दै ल्याएखआ

कड़ोरौं-कड़ोर मान्छेका बलिदानको प्रतिफल

सफलताको निष्कर्षमा पुग्नेछ।

यही नै क्रान्तिको सफलता हो।

यहींबाट फेरि

नयाँ संसार,

नयाँ युग,

नयाँ मान्छेको जन्म

यस विश्वमा हुनेछ।

## फूलकै खातिर

अन्धकारभित्र आफू होइन
अरूलाई उज्यालो दिइरहेछ,
अमृत जति अरूलाई साँची
विष मैले पिइरहेछु।

पत्थरतुल्य आफू बनेर
मानव मैले पुजिरहेछु,
आफ्नो खातिर मृत बनेर
अरूकै निम्ति बाँचिरहेछु।

अन्तरभित्र आँशु सजाई
मान्छेकै निम्ति बाँचिरहेछु,
मुटुभित्र पीड़ा लुगाई
मान्छेकै निम्ति हाँसिरहेछु।

शूलै-शूलमा जीवन सजाई
फूलकै खातिर म बाँचिरहेछु।

## कोमल बादल

ए बादल!
तँ कि यति कोमल?
जबकि शक्तिले युक्त तँ छस्,
बृहत तेरो रूप छ,
तै पनि
मान्छेलाई जस्तो तँलाई घमण्ड आएन?
किनकि संसारलाई तँ ढाकिदिन सक्छस्।
सूर्यको किरण धरिलाई
छेलिदिन सक्छस्, निस्तेज बनाउन सक्छस्।
असिना बर्षाएर
सुन्दर पुष्पको अस्तित्व मेटाउन सक्छस्।
जून छुने मान्छेको पतन गर्न सक्छस्।
अरू त के कुरा –
पानी वर्षाएर, सागर बढ़ाएर, भल-पहिरो चलाएर
नष्ट पार्न सक्छस्;
तरै पनि –
ए बादल! तँ किन यति कोमल?

## मन किन मिल्दैन?

मान्छेको साइनो जातले होइन

रगतले बन्दछ,

मान्छेको नाता थरले होइन

विचारले बन्दछ।

जन्म र मृत्यु मान्छेको मिल्छ

विचार मिल्दैन,

संसारका मान्छे सबै हुन् एउठऐ

भावना मिल्दैन।

आकाश मिल्छ, धरती मिल्छ

सीमाना मिल्दैन,

मान्छेको रगत सबैको मिल्छ

मन किन मिल्दैन?

## पुत्र हिमाली

भोटे, लाप्चे, नेपाली
सिक्किमका तीन आदिवासी,
बेग्ला-बेग्लै जातहरूमा
हुन् सबै पुत्र हिमाली।

चरा चुरुङ्गी सशोभित डाँड़ा
सुन्दर नागबेली,
चाँप-गुराँस सुनाखरी साथ
सजिएको देश हिमाली।

आइफल अरू अन्नका साथ
सजेको पहाड़का तारा,
टिस्टा-रंगीत लगाई माला
सजेको देश प्यारा!
कञ्चन, धौला उच्च-हिमाली
प्रकृतिको खानी,
सुनाखरी घुम्टो लगाई
सजेको सिक्किम रानी!

## आजको स्थिति

यी मान्छेका योजनाहरू,
वास्तविकतादेखि सड़िएका, टाढ़िएका धेरै टाढ़ा.....
मान्छेका परिकल्पनाहरू
मात्रै आकाशका ताराका कथाहरू हुन्,
मात्रै सपना र कल्पनाका महलहरू हुन्।
विपनाको मरूभूमिमा सपनाको फूलबारी सजै जस्तो
चन्द्रमा विजेता मान्छेको बस्ती पनि –
भोकले मरेको एउटा लाश हो,
जाड़ोले कक्रिएको एउठआ भिखारी हो,
जीतहरूमा हारेको एउटा व्यथा हो!
दबाई किन्न नसकेर
बाँचेको रोगी मान्छेको जीवन हो!
हजार पशुहरूले लुटेको
वेश्य आइमाईको शिथिल शरीर हो।
मातृत्वको सुख नपाई मरेको
नारीको व्यथालु शव हो।
आजको स्थिति।

## तिमी र म

एउटै घरको आयतनभित्र
एउटै आकाशको छाहारीमा,
तिमी र म प्रिय मित्र
जीवन हाम्रो कस्तो विचित्र।

न तिमी मलाई चिन्न सक्छौ
न तिमीलाई म बुझ्न सक्छु,
तिमी र म उत्तर-दक्षिण
हाम्रो संसार पूर्व-पश्चिम।

हाम्रो जिवाइ हाम्रो भोगाइ
आफ्नो-आफ्नै छ संसार,
तर पनि व्यर्थै किन भन्छौ
तिम्रो र मेरो यो संसार।

तिम्रो मिलनमा खुशी हुन्छु
तिम्रो बिछोड़मा रोइ दिन्छु,
तिमीलाई प्रिये, व्यर्थै किन म
यसरी आफ्नो सम्झी दिन्छु!

तिम्रो र मेरो सपना-विपना
एउटै खोलाका दुइ किनार,
धरती र आकाशको कहाँ भयो मिलन
तिम्रो र मेरो यस्तै हो जीवन।

## व्यथालु संसार

साह्रो रहेछ मान्छेलाई जिउनु जिन्दगानी

कसलाई सुनाऊँ भग्न मेरो मनको कहानी?

जसलाई हेर्‍यो त्यस्तै छ उसको आफ्नै व्यथा

जता हेर्‍यो त्यतै पनि उस्तै भग्न व्यथा।

मानिसको जीवनमा धेरै रहेछ पीर

बाँचुञ्जेल सहनै पर्ने यस्ता अनेक पीर,

कति साह्रो रहेछ जीवन बाँच्नु मान्छे भएर

यति साह्रो दुख्छ जीवन नदुख्ने के रो छ र!

यति धेरै मान्छेमा कोही आफ्नो छैन,

यति ठूलो संसारमा कसैको कोही भएन,

चारै दिनको जिन्दगानी यात्री संसारको

सोच्दैनन् मान्छेले जीवन छ क्षणिक हाम्रो।

मान्छेको संसारमा मान्छे जस्तो कोही छैन

मान्छेलाई आफ्नो सोच्ने मान्छे यहाँ कोही भएन,

आँसु र वेदनाको सागर हो यो संसार –

माया र दयाको अभावमा रोएको संसार!

## अरूकै खातिर

आफ्नो खातिर बाँच्न भुलेर
अरूकै खातिर बाँचे,
आफ्नो खातिर हाँस्न भुलेर
अरूकै खातिर हाँसे।

आँसु-आँसुमै जीवन सजाई
हाँसो अरूलाई साँचे,
आफ्नो खातिर हाँस्न नसकी
जगको खातिर हाँसे।

आफ्नो धरती अँध्यारो बनाई
जगमा बत्ती जलाएँ,
आफ्नो संसार उजाड़ बनाई
अरूको संसार सजाएँ।

अरूको संसार सजाउँदै यहाँ
आफ्नो संसार हराएँ,
अरूकै खातिर मैले यहाँ
आफ्नो व्यथा लुकाएँ।

आफ्नो निम्ति गाउन भुलेर
अरूकै निम्ति गाएँ,
आँसु खुन-पसीना यहाँ
अरूकै खातिर बगाएँ।

## जीवन : एक दृष्टिकोण

जीवन एउटा नाउ हो
दुःख र सुखलाई बोक्नु पर्ने,
हाँसो र आँसुलाई अँगाल्नु पर्ने,
संसार-सागरमा सबले –
दुइ दिन भए पनि
कहिले हाँस्नु पर्ने, कहिले रूनु पर्ने;
तब त –
दुःख बाहिर हाँसेर
सुख भित्र हाँसेर
सुख भित्र रोएर
यसरी –
माया र ममताको संसारमा,
काँड़ा र फूलको घारीमा,
लोभ र आशाको नदीमा,
पाप र धर्मको सागरमा,
पौरी खेल्नै पर्ने –
मुटुमा काँड़ा लुगाएर,
मुहारमा हाँसो जन्माएर,
यसरी दुनियाँसँग हाँस्नु पर्ने।
तर –
उस-पार हुनै नपाई
एक थोपा शीत जस्तै कहिले
बिलाई जानु पर्ने, हराई जानु पर्ने
चालै नपाई यसरी
युग-युगान्तरसम्मलाई।

## गुनासो

रचाई संसार अनेक जाल,
पार्‍यो प्रभु, सबको बेहाल!
समतल धरा कहीं मिलेको,
उच्च पहाड़ यहीं बसेको।

खोला-नाला नित्य बहेको,
सागर-पोखरी अटल रहेको।
रचाई संसार अनेक जाल,
पार्‍यो प्रभु, सबको बेहाल!

भोकै कोही रोई हिंड़ेको,
खाई अघाई कोही भिड़ेको।
निर्धन कोही माँग्ने भिखारी,
धनवान, धनमा, अन्धासरी!

रचाई संसार नेक जाल,
पार्‍यो प्रभु, सबको बेहाल!
निर्धन कोही पसीना चुहाई,
अल्छि धनी बस्छन् खाई।

रून्छन् कोही मुटु फुटाई,
यो कस्तो संसार हाई! हाई!
रचाई संसार अनेर जाल,
पार्‍यो प्रभु सबको बेहाल

## उल्टो पटल : नौलो रंग

एक बर्बता अँगाली बाँचेका छद्मभेषी मुटुहरू!
ए 'स्व' - हीन पुरूषहरू
ए पुर्खाका वीरत्वलाई दन्त्यकथा सम्झने कायरहरू!
ए आफ्नै आमाको छातीमा भाला रोप्ने वीरहरू!
ए आफ्नै खुनलाई पानी सम्झी पिउने पियक्कड़हरू!
ए आफ्नै इतिहासलाई कुचल्ने अन्यायहरू!
ए दास्त्वको महल सजाउने यस्ता खुनहरू!
हिमाली पाखा – पखेराहरूमा
सुनगाभा र बुक्की फूल जस्तो –
स्वतन्त्र बनेर फुल्न सक्नुपर्छ,
डाँफे र मुनाल चरी जस्तो –
नयाँ अस्तित्व र स्वः भाषा का धुनहरू सुसेल्दै
आफ्नै हिमाली पाखा-पखेराहरूमा
नयाँ बिहान जन्माउन र विश्वासहरू
टक्टकाएर
नयाँ काँचुली फेर्न सक्नुपर्छ
'हामी' जस्तो भएर बाँच्न सक्नुपर्छ
आमा! आमा! भन्दै अब ब्यूँझनु पर्छ।

## मानवताविहीन संसार

भेदभावमा सजेको मान्छे
रगत एउठआ भएर के भो?
आगन सबको आफ्नो-आफ्नो
धरती एउटा भयो त के भो?

ह्रदयभरि पाप बोकेर
मन्दिर पुज्दैमा के हुन्छ?
पापै-पापको कर्म गरेर
धर्मको प्रचलन गर्दा के हुन्छ?

कुभावनामा डुबेको मान्छे
मान्छे भयो त के भो र!
मानवता नै भुलेपछि
मान्छे नै भुलेपछि
मान्छे नै कहाँ रह्यो र!

सुगन्धविहीन फूलबारीमा
फूल फुल्यो त के भो र!
मानवताविहीन संसारमा
मान्छे भएर नै के हो र!

## पाउनु के छ ?

दुनियाँको झन्झट किन मलाई
रहनु छ सधैं दिल जलाई,
तेरो मेरो उसको भन्दै
व्यर्थै किन यो लड़ाई?

दुःख-सुखले संसार सजेको
हाँसो-आँसुले जीवन बनेको
गरीब, धनी, सानो भन्दै
पाउनु के छ? भेद्भाव जगाई!

जन्म-मृत्युमा जीवन सजेको
अस्ताउँदै-उदाउँदै सूर्य गरेको,
मर्नु-जिउनु युग-युग चलेको
पाउनु के छ? आँसु बहाई!

## मानवताको रक्षा गर्न

जाउँ (हामी सब) साथी
मानवता रक्षा गर्न,
सत्यको पूजा गर्न,
अहिंसाको शंखनाद गर्न,
अंधकार नाश्न,
परोपकारी कर्म गरेर
सत्य भावनाले संसार रच्न,
हिंसाको बाढ़ी थाम्न,
सत्य जन्माउन
र
तारी झैं चम्कन,
सूर्य झैं कोमल बन्न,
पानी झैं निर्मल बन्न,
हिमाल झैं शान्त रहन,
पहाड़ झैं स्थिर बन्न,
जाऊँ हामी सब –
मावताको रक्षा गर्न।

# हिमाल

युग-युगान्तर चम्किरहने हरदम यो हिमाल,

विश्वभरिमा शान्त, अटल उच्च यो हिमाल।

भू-ताल बीच कोलाहल बस्छ बनी यहीं धीर,

मान्दैन दुःख गर्दैन गुनासो यस्तो यो हो वीर।

भेद्भाव छैन रात-दिनको दुःख-सुखको नै ज्ञान,

धीर भई वीर हो यो, पलपल शान्त प्राण।

शरद् छाई शुष्क अंग पतझड़ ग्रस्त यसको तन,

अटल आशा मधुमय अभिलाषा शान्त यसको मन।

फुल्दछन् लाखन् फूलहरू तनमा कहीं-कहीं चिमल,

वसन्त बीचमा हाँसी उठ्छ सुन्दर यो हिमाल।

शरद आई विश्वभरि लिन्छ प्रकृति प्राण,

मान्दैन किञ्चित फिक्री मनमा हाँस्छ यसको प्राण।

शुष्क अंग उजाड़ तनमा फुलाउँछ शान्त फूल,

ढकमक्क फुली झुमी उठ्छ यसको शरद फूल।

वसन्त-शरद नछुटिई एकनास हाँस्ने यसको चाल,

हिउँदले ढकमक्क शरद बीचमा हाँस्छ यो हिमाल।

## जीवन

मलाई त्यो सागरभन्दा –

पहाड़बाट बग्ने खोला नै मनपर्छ।

काँड़ा बिना फुलेको कमलभन्दा –

काँड़ाभित्र फुलेको गुलाफ नै मन पर्छ।

किनकि –

हजार चट्टानहरूसँग

सधैं ठक्कर खाएर पनि,

आफ्नो कर्तव्य-पथमा निस्फिक्री दौड़िरहेका

काँड़ाहरूको घेराभित्र पनि

गुलाफ फुलेको हुन्छ।

यसैले –

यही नै जीवनको परिभाषा हो,

सहनशीलता नै सफल जीवनको प्रतीक हो,

दुःखभित्र जीवन सजाउनु सक्नु सफलता हो,

काँड़ाभित्र फल्नसक्नु जीवनको सफलता हो,

महानता हो सत्य जीवनको!

## मान्छे : एक पहेली

युद्धरत छु आजकल म,

आफैभित्रको मान्छेसँग।

त्रस्त छु आजकल म,

वरिपरिका साथीहरूसँग।

कसरी विश्वास गरूँ (?)

साथीहरूलाई 'मान्छे' भनेर।

यसैले –

क-कसलाई मान्छे भनुँ!

क-कसलाई देवता भनुँ!

क-कसलाई दावन भनुँ!

मान्छेको रूप र आकारमा

सबै समान छन्।

बोली र आवाजहरूमा

सबै मान्छे समान छन्,

सबै मान्छेको अभिनय

एक समान छ।

## स्वार्थी मान्छे

सूर्यको किरण पनि
निस्तेज भइसकेछन्।
पृथ्वीका अंग-अंग बिलिसकेछन्।
झार-पातहरू कुहिसकेछन्;
भीर-पहराहरू मक्किसकेछन्; भत्किसकेछन्,
खोला-नालाहरू सुकिसकेछन्,
युगहरू धेरै पल्टिसके छन्।
र......त
धरातल पनि
हाड़ र छाला भएर
अति नै बृद्धा भइसिछन्,
र पनि –
एई! स्वार्थका पुजारी मान्छे हो,
तिम्रो स्वार्थ अझ पूरा भएन?
भाइ-भाइमा खुन बगाएर,
तेरो-मेरोको राज फैलाएर,
अहिंसाको हत्या गरेर,
सगरमाथालाई कलंकित पारेर;
'एपोलो' – को प्रहार गरेर,
चन्द्रमाको पवित्रतालाई लुटेर पनि
एई! दानव पुजारी मानव हो!
तिम्रो स्वार्थ अझ
पूरा भएन?

## आजभित्र मान्छे

आजभित्र बाँचेका मान्छेहरू
आफ्नो सर्वस्व हराएर
खोक्रो उभिइरहेछन् मान्छेको आकारमा।
'हिरोशिमा' छातीमा बोकेर
सत्य र अहिंसाको 'नारा' लाउँछन्,
मान्छे मार्ने जालहरू बुनेर
मानवताका गीत गाउँछन् आजका मान्छेहरू –
हृदयभरि 'भियतनाम' जन्माएर!
यसैले 'तैं' र 'म' – को कठोर चट्टानमा आज
'हामी' ठोक्किएर घालय बन्छ,
पाप र लोभको संसारमा
मानवता डुबेर चिच्याउँछ –
आजभित्र बाँचेको यो घरतीमा!
र त –
मान्छेको संसारलाई बुझ्न नसकेर
धरती पागल बन्छ - आफैलाई हराएर
आफैलाई नचिनेर.....
यसरी आज यहाँ
युग बितिरहेछ –
बर्बरतापूर्ण वातावरणलाई अँगालेर
आँसु र खुनको सागर बगाए
छातीभरि मरू फैलाएर
मान्छे बाँचिरहेछ –
मान्छेलाई मारेर,
मान्छेत्व हराएर;
आजको मान्छे हाँसिरहेछ :
यसरी आजको मान्छे बाँचिरहेछ!

## मान्छेका बस्तीभित्र

खै, के सुनाऊँ?
जीवनका कविताहरू...
सब निराधार छन्,
मान्छेका बस्तीहरू....
निदाएका बाटो जस्तो
चूपचाप निदाएका छन्।
ब्यूँझनु पर्थ्यो सँधै
यी मान्छेका बस्तीहरू
मान्छेका आँखा भएर।
बाँच्नुपर्छ जिउँदाहरू
हिमाल र सागर भएर,
बाँच्नपर्थ्यो सँधै
यी मान्छेहरू...
यी जीवनहरू...
समानताको नमूना भएर,
ज्वालामुखीको विस्फोट भएर;
क्रान्तिको हुँकार बन्नु पर्थ्यो –
यी डाँड़ा र पहाड़ थर्काएर,
अन्धकार रातको छात्तीमा
एउटा जिउँदो सूर्य जन्माएर।
तब पो जन्मने थियो कि
मान्छेका बस्तीहरूबाट –
मान्छेका सत्य जीवनहरू...
तब पो लेखिने थियो कि
मान्छेका सत्य कथाहरू...
विश्वको सत्य इतिहास।

## यसो गर्नु छ

कष्ट-व्यथासँग, संघर्ष गर्दै भए पनि,
आँसु-खुन पिउँदै भए पनि
नीच, पापी दानवसँग लड्दै भए पनि
शूलै-शूल सजेको यो जगमा,
स्वार्थी मानवको यो भवमा;
बाँच्नु परेको छ, मान्छेले
मान्छे जस्तै।
काँड़ा बीच गुलाफ हाँसे झैं –
मान्छेले हाँस्नु छ,
ढुङ्गामाथि यहाँ बाँच्नु छ।
मुटुभित्र व्यथा लुकाई
मुहारमा हाँसो ल्याउनु छ,
आफ्नो लागि मरे पनि
अरूका लागि जिउनु छ।
ठोक्कर दिने ढुङ्गालाई
देवता सम्झी पुज्नु छ,
घोंची दिने काँड़ालाई
फूल सम्झी चुम्नु छ।
दुःख-सुखको यो भरी
जीवनभरि बोक्नु छ,
आफै मरे पनि
देशको लागि बाँच्नु छ।
सलेदो खरानी बने पनि...

## मनको सागर

ए सागर!
कहाँ तिम्रो शुरू छ?
कहाँ तिम्रो अन्त छ?
तिमी त भयावह छौ।
सम्पूर्ण पृथिवी नै अँगालेर गहिरो चाल र तरंगसँग
उन्मादित छौ आफ्नै विस्तृतिमा।
तर तिमी नसम्झ ए सागर! –
तिमी बृहद् र अन्तहीन छौ भनेर ...
तिमीभन्दा बृहद् र अन्तहीन त –
मेरो पनि छ –
मेरो मनको सागर!
तिमीभन्दा हजार गुणा विस्तृत
यो मेरो मनको सागर!
तिमी झैं पृथिवीमा मात्र सीमित छैन
यो मेरो मनको सागर!
तर सम्पूर्ण ब्रह्माण्ड नै
मेरो छात्तीभित्रको महासागरमा
समाहित र आत्मसात छ।
तर पनि तिमीलाई झैं
मेरो मनको सागरलाई घमण्ड आएर
न छार र तरंग देखाएर रमाउनु छ।
आफ्नै गहिराइ र विस्तृतिमा
मेरो मन विश्चल र शान्त छ।
यो मेरो मनको सागर
अनन्त - अनन्त मायाको सागर!

## बाँचौं

बाँचौं न ए साथी!
सावनको भल-पहिरोलाई थाम्दै,
बैशाखको आँधीलाई रोक्दै,
बादलको अन्धकारभित्र पनि
एउटा बत्ती बाली
हिंडौं न ए साथी!
हिंसाको दुश्मन बनेर
अहिंसाको ज्योति बाली,
परोपकारको कर्म गरेर
कुकर्मलाई फाली,
कोमल भावनामा सजिएर
सत्यको बत्ती बाली,
प्रेमकै गीत गाएर
साँचौं न ए साथी!
मानवतालाई जगाएर,
धरतीको बोझ हटाएर,
दुःख र कष्टलाई कुल्चेर,
प्रेम र हाँसोलाई सँगालेर,
मानवतालाई केवल अँगालेर,
एक चपरी माटोकै लागि भए पनि
रक्षक बनेर
बाँचौं न ए साथी!

## अन्धविश्वासीप्रति

ए............मान्छे!
किन तिम्रो आँखामा कालो पट्टी?
नियालेर हेर त, तिम्रै अगाड़ि
तिमीले पुजेको 'जून-तारा' पनि
तिमी जस्तै मान्छेको पाउमा झुकेका छन्,
यो 'एपोलो' र 'ल्यूना' – को युगमा।
अझै पनि कतिले तिम्रै अगाड़ि
अन्धविश्वासको ढोल र ढ्यांग्रो ठोकेर
कुखुरा र बाख्रा काटेर
निःसन्तान (अपुताली) भएको,
खुनको सागर बहाएर
संसारलाई कलंकित पारेको,
तिमीले यो पनि –
नसुनेको, नदेखेको होइनौ।
अझै पन तिम्रा आँखामा कालो पट्टी छ भने –
फर्क, वन-झाँक्री-को गुफापित गरेर
अन्धविश्वासको संसार स्थापित गरेर
वन-मान्छे भएर-जीवन निर्वाह गर्नलाई
ड्रेकुलाको शिष्य भएर!
होइन भने
एई, आँखा भई अन्धा भएकाहरू हो!
मेरो तिमीलाई अनुरोध छ –
तिम्रा आँखाको कालो पट्टी
च्यात! फ्याँक ! र अघि बढ़!

## मान्छेसँग

ए मान्छे !
तिमी किन यति स्वार्थी?
यसैले –
तिमीसँग म डराउँछु;
तिम्रो छाँयासँग पनि मलाई डर लाग्छ।
किनकि –
तिम्रा ती कठोर पाउ,
जसले यो धरती कुल्चेर
पाताल भसाइदेला भन्ने
मलाई शक्त भय छ।
तिम्रो 'ड्रेकुला' – का जस्ता हात,
जसद्वारा यो संसार टिपेर
झोला भर्छौ कि भन्ने
मलाई डर छ।
तिम्रा ती अग्निज्वाला भएका आँखा,
जसले यो धरती जलाएर खराना बनाइदेला
भन्ने मलाई शंका छ।
तिम्रो सुरसाको जस्तो मुख,
जसले संसार निलेर पचाइदेला
भन्ने मलाई भय छ।
यसैले – ए, मान्छे!
तिमीबाट म टाढ़ो...
एक्लै-एक्लै रहन चाहन्छु;
ताकि, तिम्रो स्वार्थपूर्तिद्वारा
म बाँच्न सकूँ।

## यहाँ यसरी बाँच्नु छ

कष्ट-व्याथा साथ लिई
आँसु, खुन हरदम पिई,
शूलै-शूल सजेको यो जगमा
स्वार्थी मानव बाँचेको यो भवमा,
बाँच्नुपरेको छ, हामीले पनि –
जिउँदो लाश भई...
काँड़ा बीच गुलाब हाँसे झैं
हामीले पनि हाँस्नु छ।
ढुङ्गामाथि सुनाखरी बाँचे झैं
हामीले पनि बाँच्नु छ,
मुटुमा काँड़ा लुकाई
मुहारमा हाँसो ल्याउनु छ,
आफ्नो लागि मरे पनि
उसको लागि जिउनु छ,
ठोक्कर दिने ढुङ्गालाई
देवता सम्झी पुज्नु छ,
घोचिदिने काँड़ालाई
मुटुमै लकाई राख्नु छ,
दुःख-सुख यो जीवन
हाँसी-हाँसी बाँच्नु छ।

## बाग

कसैको सुन्दर-बाग,
कसैको उजाड़-बाग,
यो मेरो विश्व-बाग।
यस बागमा
धेरै प्रकारका फूलहरू फुल्छन्।
चाँपर गुराँस जस्ता ठूला-ठूला रूखहरू,
कमल, गुलाब, सयपत्री जस्ता कोमल र
बाबरी जस्ता सगन्धित फूल;
गुलाब जस्ता सुन्दर फूल,
गुहेंला र धोक्रे जस्ता असुगन्धित फूलहरू
फुलेर ढकमक्क छन्।
यो फूलबारी धेरै प्रकारका फूलहरू फुलेर,
सुशोभित छ।
यसरी, यो फूलबारी, धेरै प्रकारका फूलहरूद्वारा
निर्मित भएको छ।
तर –
एउटै फूलबारीमा फुलेका फूल,
एउटै हावा-पानीमा फुलेका फूल,
एउटै माटोमा फुलेका फूल,
एउटा प्रकृतिमा सजिएका फूल,
मलाई एउटै लाग्छ।
तर पनि किन हो?
यी फूलहरूका विभिन्न नामहरू छन,
विभिन्न रंगहरू छन्!

## यस्तै देखें

स्वार्थको चश्मा चढ़ाएर
दुनिया यहाँ हिंड़ेको,
मोटाउने ध्येय लिएर
अन्धकारभित्र भिड़ेको –
यहाँ यस्तै देखें!

मान्छेको यो संसारमा
मान्छेकै, अभाव भएको,
मान्छेको यो संसारमा
मानवता रोएको –
यहाँ यस्तै देखें!

यौवन र पापको बजारमा,
मान्छेको स्वार्थ-पूर्तिमा;
हजारौं नारीहरूको
नारीत्व रोइरहेको –
यहाँ यस्तै देखें!

तेरो र मेरो होड़मा
ठूलो र सानोको भेदभावमा
तँ छाड़ म छाड़को जोड़मा

मानवताको हत्या भएको –
यहाँ यस्तै देखें!
स्वार्थका पूजारी मान्छेले
दानवको रूप लिएको,
खुन र आँसु बहाई
मानवता चिच्याइरहेको –
हिंसा र पापको बजारमा
सत्य र धर्मको हत्या भएको,
मानव र दानव एकदेखि
धरतीको छात्ती चर्केको –
यहाँ यस्तै देखें !

खोला र नाला सुकेर
पट्पट्टी धरती फुटेको,
हरिया झार र रूखलाई
पानीको अभाव भएको –
यहाँ यस्तै देखें!

## मूर्दाको - बस्तीमा मान्छेहरू

युग युगदेखि चारैतिर
मान्छेहरू –
थकाइ मारिरहेछन्,
बसिरहेछन्,
उभिरहेछन्,
कुदिरहेछन्,
सुनिरहेछन्,
अल्याङ्टल्याङ् –
गरिहरेछन्,
मान्छेका हुलहरू
चूपचार जलिरहेछन्।
व्यथाले पोलिरहेछ,
अन्धकारले निलिरहेछ,
र पनि यी मान्छेहरू –
उभिरहेछन्,
हेरिरहेछन्,
बुझिरहेछन्,
गुनिरहेछन्,
चूपचाप सहिरहेछन्
सहिरहेछन्...।

## मलाई मेरै नेपालीको माया

मलाई त मेरै सयपत्री फूल मनपर्छ
किनकि यो शरदमा पनि फुलिरहन्छ।
मलाई त मेरै बाबरी फूल मनपर्छ
किनकि यसको पातै धरि सुगन्धित छ।
यसैले मलाई त मेरै सयपत्री र बाबरी फूल
धरतीको कुना-कुनामा फुलाउनु मनपर्छ,
मेरै फूलको कहानी सबैलाई,
यहाँ सुनाउनु मनपर्छ।
यसैले –
मलाई मेरै भीर-पहरा, डाँड़ा-खोला मन पर्छ
मलाई यही ब्यूँझने रहर छ।
किनभने –
मलाई मेरै डाँड़ा-खोलाका कथाहरू
धरती-आकाशलाई सुनाउन मन लाग्छ,
मलाई मेरै भीर-पहराको गाथा
यहाँ बताउन मनलाग्छ।
मलाई मेरै ‘लैबरी’ र ‘झ्याउरे’ गीतहरू
यहाँ गाइदिनु मनलाग्छ,
मलाई विश्वको कुना-कुनामा पनि,
भानु बाजे नै पुजिदिनु मनलाग्छ!
किनकि
मलाई त
मेरै नेपालीको माया छ!
मेरै संस्कृतिको माया !!

## कविलाई सम्झेर

हे कविज्यू! तिमीले सोचेकका थियौ होला
कि यहाँ राम-राज्य हुन्छ भनेर,
तिम्रो सपनाको देश स्थापना हुनेछ भनेर;
तर अफशोस् कविज्यू!
यहाँ त ती वीर पराक्रमी राम र लक्षमणहरू,
सीता र सावित्रीहरू;
सबै-सबै रावणका सुसारे बनेका छन्।
यहाँ त राम-राज्य होइन
रावण-राज्य छ।
यहाँ मानवको जीत होइन
दानवको जीत भएको छ।
यहाँ झुटोलाई साँचो-साँचोलाई झूटो मानिन्छ।
सत्यलाई असत्य र अपराधीलाई न्यायी ठानिन्छ।
यसरी रावण-राज्यको व्यवस्थाले लुटिएका
लाखौं राम सीताहरू, भरत र शत्रुघ्नहरू
यो देशको पूर्व-पश्चिम र उत्तर दक्षिण परेर,
गाँस-बाससम्म लुटाएर
मान्छेका आकारमा बाँचिरहेका छन्,
सास मात्रै फेरिरहेका छन्!
यसैले हे कविज्यू!
तिमी फेरि यहाँ आऊ।
तिम्रा पराक्रमी राम, लक्ष्मण र सीताको
दुर्दशा बुझेर जाऊ!

## विपनाको गीत

ए किसान-मजदूर हो!
ए खटिखाने हली-कोदाले हो!
सुन है सुन चारैतिर,
गुन है गुन मनतिर –
हामी कहाँ छौं? के छौं? किन यसरी बेघर-बेजमीन छौं?
किन मान्छेकै संसारमा भएर पनि
मान्छेको इज्जतमा हामीलाई लिइँदैन?
किन हामी केवल घोड़ा भएखआ छौं?
घाँस खाने होइन भात खाने,
भात खाएर पनि घाँस खानेको काम गरेर मेरेका छौं!
हामी त केवल सवारी हौं (!)
हामी जस्तै एक –
हामी जस्ता हजार, लाख, करोड़ौंमाथि सवाप छन् (!)
हामी चुपचाप खटिएका छौं, हामी चुपचाप जोतिएका छौं,
हामीमाथि चढ़ेर यसैले शासन गर्छ,
हाम्रो अधिकार लुटेर यसैले भुँड़ी भर्छ
हाम्रो सुख-सयल, सबकुछ लुटेर यही मालिक बनेको छ
सुन है सुन ए गरीब हो!
कसैको मतलबले हामी सबैको चिहान खनेको छ,
हाम्रै खुन-पसीना चुसेर पनि यही मालिक-साहु अझै छ;
हामी मात्र खटिन्छौं - हामी मात्र जोतिन्छौं,
तर यसलाई सधैं मज्जै-मज्जा छ।
अझै हामी कति दिन यसरी बाँच्ने?
कि सबै मिलेर यसलाई मास्ने?
किनकि हामी पनि मान्छे हौं - मान्छे जस्तै बाँच्नु छ;
हाम्रो पनि संसार हो - हाम्रो पनि अधिकार लिनु छ।

## परिवर्तित मान्छेको संसार

यस संसारमा मानिस
प्राणी मात्र भएर प्राणी जस्तै
जन्म ग्रहण गर्छ आफ्नै पहिलो चित्कारसँगै,
नाङ्गै रक्तम्मै भए –
आमाको गर्भबाट।
जन्म औरत र मरद मात्र हुन्छ –
अति कोमल र निरीह।
हिजो, अस्ति अथवा धेरै युगअघि पनि
यसरी नै मानिसहरू जन्मिंदै थिए,
धेरै युगहरूपछि जन्म र मृत्युको
नियमबद्ध संसार छ,
तर मानिसमा भने धेरै परिवर्तित समय
आए – गए,
अझै आउँदैछन् – जाँदैछन्!
प्रगतिको नाममा
विकास र उन्नतिको नाममा,
मान्छेको मर्यादा र अस्तित्वको नाममा,
देश र विदेशको नाममा;
मानिसको विचारमा,
मानिसको जिवाई र भोगाइमा
निरन्तर परिवर्तन आइरहेछ।
देश र विदेशको सीमानामा र साँधमा
पनि कुनै स्थायीत्व रहेन (!)
यो रेखाहरू मेटिंदै कोरिंदै छन्!
मानिसहरू यसरी यस संसारमा
जन्मेपछि –
आफ्नो घरदेखि देश र विश्व-निर्माणमा
लगेका छन्!
लागिरहेका छन्!

## संसार उज्यालो पार्छु

बादलको घुम्टो च्याती
भूइँमा सूर्य झार्छु,
डाँड़ा खाल्ड़ा सम्म बनाई
धरती उज्यालो पार्छु (१)

एक-एक थोपा खुन बगाई
उसको प्यास मार्छु,
लाखौं प्राणी एक बनाई
भेदभाव बन्धन तोड्छु। (२)

कुभावनाको सागर सुकाई
पापलाई निर्मूल पार्छु,
मानव विचार एक बनाई
स्वर्ग यहाँ झार्छु। (३)

असत्यको जंगल फाँड़ी,
हरियो संसार पार्छ;
ईर्ष्या, हिंसा, लोभ सुकाई
दानव-हत्या गर्छु। (४)

येशु, गाँधी मानव बनाई
आमाको छात्ती सिंगार्छु,
दूधको बदला प्राण दिई
देश उज्यालो पार्छु। (५)

औंसीको अन्धकारलाई
पूर्णेमा परिणत गर्छु,
मानवताको दीयो जलाई
संसार उज्यालो पार्छु। (६)

## म जन्मेको यो धरतीमा

म यो धरतीमा जन्मेको छु –
एउटा व्यक्तित्व लिएर,
एउटा अस्तित्व लिएर,
एउटा संसार जन्माएर।

यसैले –
म कसैको संसार सजाउन सक्तिनँ,
म कसैको भरोसामा बाँच्न सक्तिनँ,
कसैको बाटोमा हिंड्न पनि सक्तिनँ,
म कसैको गीत गाउन सक्तिनँ।

किनकि –
म विवेकयुक्त स्वतन्त्र मानव हुँ,
म आफ्नै संसार निर्माण गर्न सक्छु,
मान्छे हिंड्ने बाटो खन्न सक्छु,
अन्धकारलाई चिरेर हिंड्न सक्छु।

यसैले त –
सत्य र अहिंसाको बाटोमा आफ्नै शक्ति र तागत लिएर
अँध्यारोलाई पन्साउँदै, उज्यालोलाई डोर्‍याउँदै –

मलाई अघि बढ्नु परेको छ
भोलि आउनेहरू...अघि होऊन् भनेर।

अनि –
यहाँ एउटा बाटो खन्नुपरेको छ
भोली आउनेहरू... हिंड़नपाऊन् भनेर।

अनि
तिर्खाएको काकाकुलले दूषित पानीको बहिष्कार गरेर
पवित्र पानीको खोजीमा चिच्याउँदै उड़े जस्तो
मपनि पवित्र संसारको खोजीमा –
एउटा विरोध लिए हिंड़िरहेछु, जलिरहेछु
खोक्रे र बोक्रे मान्छेको संसारलाई बहिष्कार गरेर...
म आफ्नै संसार सजाउन चाहन्छु,
महल र आकाशको पूजा गरेर होइन
झोपड़ीमै दीयो जलाए
मेरो संसारको निर्माण गर्न सक्छु।

## तिम्रो लागि

रात अँध्यारिदिएको पनि
उज्यालो दिनहरूका लागि हो,
पतझड़युक्त उजाड़ शरद
वसन्त हरियालीका लागि हो!
निर्धन, निमुखाहरू पनि
धनवानकै सेवाका लागि हो!
निर्बल, निमुखाहरूले आँसु बहाएको पनि
सुखीहरूको प्यास बुझाउनलाई नै हो!
यसैलेमैले यहाँ आँसु बहाइदिएको छु –
तिमीले हाँसो पाओस् भनेर।
किनभने मेरो एक थोपा आँसुले पनि
तिम्रो जीवनमा हाँसो थपिने छ,
मेरै मृत्यु हुनाले तिम्रो आयु बढ्ने छ,
मेरै दरिद्रताले तिमीलाई धनी पार्ने छ;
यसैले एक-एक थोपा खुन बहाइदिएको छु –
तिम्रो स्वार्थपूर्ति होस् भनेर।
मेरै दरिद्रतालाई रोजेको छु
तिमी धनी होस् भनेर,
मैले काँड़ै-काँड़ालाई टेकेको छु –
तिम्रो पाउभरि फूल सजियोस् भनेर।
अन्धकार मेरो बनाएको छु,
तिम्रो जीवन भर उज्यालो होस् भनेर।
यसैले त, तिम्रो संसार हाँसेर
मेरो संसार रोएको छ।

## मनको घर

पृथ्वीको विस्तृत आयतनमा होइन,
संसारको भव्यता पनि होइन,
तर मेरो हृदयको कोमल धरातलमा
चोखओ भावनाको घड़ेरीमाथि
मानवताका सामग्रीहरूले निर्मित
मेरो मन घर!
मैले निर्माण गरेको
मेरो मायाको घर!
यहाँ शान्तिको राज छ,
यस घरको चारैतिर
माया र दयाको बार छ।
सत्य र प्रेमको फूलबारी बीच अवस्थित
मेरो भावनाको घरमा
संसारका सबै मानिस अँटाउने स्थान छ।
आकाशभन्दा फाँटिलो छानाले बनेको
मेरो मनको घरमा
सँधै रमाहट छ,
खुशी र आनन्दको राज छ।
किनभने –
मानवताले मर्यादाको मादल बजाउँछ,
सत्यले अहिंसाको प्रेमको गीत गाउँछ,
माया र कोमलताले नाँच नाच्छ,
दया र धर्मले एकता र समानताको धुन सुसेल्छ;
हृदयको डोरीमा झुण्डिएर
मान्छेले खुशीले पीङ खेल्छ,
सत्य, अहिंसा र मानवता गफ गर्छ,
माया र कोमलता अँगालो मारेर हाँस्छ!

## विदेशी होइन मुङ्लाने

विदेशी होइन मुङ्लाने
सम्झेको नेपाल मुङ्लानलाई,
दूधको भारा नतिरी
छोड़ेर जान्न आमालाई।

यहाँका डाँड़ा-काँड़ामा
पसीना हाम्रै टल्किन्छ,
सयपत्री गोदावरी फुलेर
नेपाली यहाँ झल्किन्छ।
विदेशी होइन...

झुक्दैनौं कहिले नेपाली
छोराको हक लिनलाई,
बढ़ेको हामी अगाड़ि
आमाको माया बचाउनलाई।
विदेशी होइन...

भारतका हामी नेपाली
तिमीले नै आमा जन्मायौ,
आमाको मायालाई बचाउँदा
हामीले सबकुछ गुमायौं।
विदेशी होइन...

दशधारा दूध चुसाई
सानीमा किन बन्छ्यौ नी!
युग-युगको साइनो मारेर
विदेशी किन भन्छ्यौ नी!
विदेशी होइन...

## बैंशालु साथीलाई

आऊ, साथी बैंशालु!
एउटा नयाँ संसार निर्माण गर्न
विचारको यही धरतीमाथि,
चेतनाको यही धरतीमाथि,
जहाँ सम्पूर्ण मान्छेको निम्ति –
साझा सपना फुल्ने देश होस्।
जहाँ सम्पूर्ण मान्छेको निम्ति
आकाशको छानामुनि एउटै घर होस्!
यस्तै हाम्रो संसार निर्माण गर्न
आऊ साथी बैंशालु!
यो युग साह्रै बूढ़ो भइसक्यो,
र यसको अनुहार पनि चाउरी परिसक्यो।
खोला-नाला र नदीहरू सुकिसक्यो,
हरियाली बोकेर वसन्त पनि
यस युगको छात्तीबाट भागिस्कयो।
यो युग साह्रै उजाड़ भइसक्यो,
साह्रै पतझड़ र पतिंगर भइसक्यो;
यसैले हाम्रो रगत र पसीनाको
मल र जल लगाएर
हाम्रो चेतना र विचारको यस धरतीमा
मानवताको फूल फुलाए
मान्छेको संसारमा
जीवन-फूलबारीमा
सधैं वसन्त ल्याउन
आऊ, साथी बैशालु।

## स्वागत छ

स्वागत छ – तिमीलाई,
स्वागत छ!
तिम्रो मनुष्य जुनीलाई –
स्वागत छ !
देशको बदली प्राण दिई
जसले खुन बहायो,
देशको बद्ली
जसले प्राण गुमायो,
उनै महान आत्मालाई –
ह्रदयभरि स्वागत छ।
जसको बलिदानले –
आफ्नी माताको अस्तित्व बचाएको छ,
जसको खुनले –
देशको माटो पवित्र बनेको छ,
जसको प्राणले –
देशमा नयाँ प्राण भरेको छ,
जसको आत्माले –
आफ्नी माताको काखमा सदा स्थान पाएको छ;
उनै महान् आत्मालाई –
ह्रदयभरि स्वागत छ!
मुटुभरि श्रद्धाञ्जलि छ!
जसले आफ्नो संसार
भुलेर...
अरूको संसार सजाइदिएको छ!
जसले आफ्नो सुख त्यागेर
अरूको सुखमा सुखी बनेको छ।

## आफ्नो निम्ति सोच्दा

आजसम्म त हामीले
हाम्रो खून र पसीनालाई,
हाम्रो बल र हुतिहरूलाई;
यहाँ अरूकै संसार निर्माणमा लगायौं।
हाम्रो हड्डी र मासुको थाक लगाएर
यहाँ अरूकै महल निर्माण गर्‌यौं,
हाम्रो अस्तित्वका गजुरहरूलाई
हाम्रो जिन्दगी 'भयो हजुर' - हरूलाई
हाम्रा स्वत्वका गर्वहरूलाई
दासत्वका महलभित्र लुटाएर...!
यसैले आज हामी,
बिकामे भएका छौं!
हो, हामीले आफैलाई बचाउन सकेनौं!
अरूलाई बचाउँदा-बचाउँदै;
हामीले आफ्नै अस्तित्वको निर्माण गर्न सकेनौं!
अरूको अस्तित्व निर्माण गर्दा...गर्दा,
हामीले आफ्नो गर्न सकेनौं।
अरूको निम्ति मर्दा...मर्दा;
हामीले आफ्नो निम्ति बाँच्न सकेनौं!
अरूको निम्ति बाँचिदिंदा...दिंदा;
हामीले आफ्नो संसार सजाउन सकेनौं,

अरू संसार सजाउँदा...सजाउँदै!

यसैले आज –

हाम्रो अस्तित्वका हिमालहरू

'बहादुर' र 'कान्छा' बनेर बिलाएको छ,

यसैले म भन्छु –

आऊ साथी हो!

आफ्नै गति लिएर,

स्वत्वका धुन सुसेल्दै

दासत्वको महललाई त्यागेर

आफ्नै झोपड़ी निर्माण गर्नुपर्छ,

धिपधिप बत्ती नै जलाएर भए पनि

आफ्नै अँध्यारो संसार उज्याल्नु पर्छ।

हो;

अब त हामीले पनि

आफ्नो निम्ति बाँच्न सिक्नुपरेको छ,

आफ्नै संसार निर्माण गरेर

आफ्नै निम्ति मर्न सिक्नुपर्को छ,

आफ्नै संसार बचाएर...!

## मेरो देश

डाँड़ा र काँड़ा पहाड़-नाला ठाउँ-ठाउँमा सुन्दर वन
प्रकृति छटा अति नै राम्रा हरिनिले बसको मन।
तिब्बत र भारत बीचमा स्थित सिक्किम सुन्दर देश,
पृथ्वीबीच चम्किने तारा पाएको आफ्नै भेष।

सिक्किमबासी भोटे र लाप्चे साथमा नेपाली,
गर्दछन् काम कमाउँछन् मान भेदभाव अफाली।
कोही छन् बोद्ध कोही छन् हिन्दु, कोही छन् ईसाई,
यहाँका वासी मेल-मिलाप साथ समान छन् दाजु-भाइ।

मन्दिर र मस्जिद, गोम्पाले सधैं आव्हान गर्दछ,
प्रेम, अहिंसा राख धर्म गर मान तब पाइन्छ।
भीर र पहरा सजिए सारा विद्याको प्रकाशले,
प्रगति पथमा लम्किरहेछन् सिक्किमे एकनासले।

पहाड़-पर्वत सुनाखरीबीच प्रकृति लुकेको,
प्रकृति-राजको महल भनी सिक्किम रचेको।
सिक्किमे लाखौं सजिए सारा हिमका चुचुरा,
फूलका वस्त्र ओड़ेका राम्रा रूख र टाकुरा।

टिस्टा र रंगीत सुनाउँछन् संगीत बालुवा चुमेर,
वनमा पक्षी गाउँछन् संगीत फूलमा झुमेर।

चाँप र गुराँस बुक्किका फूलले पहाड़ सजाउँछ,
मुनाल, डाँफे जोर-जोरै उड़दा प्रकृति लजाउँछ।
पहाड़ र पर्वत फूलका खानी वसन्त डाकेर
छाङगु र खेची, मेमोइछो ठूला पोखरी जोर-जोर,
फल्दछ यहीं धान, मकै, कोदो, बस्ती नै ढाकेर,
सुगन्धित बन्छ, सिक्किमे माटो फल-फूल पाकेर।

हिमका पर्वत फूलका खानी वसन्त डाकेर,
बिल्दछ हिउँ, फुल्दछ फूल पहाड़ै ढाकेर।
बग्दछ खोला निर्मल झरना, प्रकृति सजाई,
मुनाल, डाँफे, चिलिमे साथ उड्छ हाँस रमाई।

टेन्डोङ र मैनाम, दिदि र बहिनी यसको इतिहास
सिक्किमैभरि बलेका उज्जवल शान्तिका प्रकाश।
डाँड़ाको बीच हजारौं झण्डा, हावामा झुलेका,
सिक्किमका बीच बुद्धका वाणी हिमाल झैं फुलेका।

मोइनामका झण्डा आव्हान गर्छन्, फरफर गरेर,
गर्नुछ कर्म सत्य-प्रेम-धर्म मनुष्य भएर।
इन्द्रलोक जस्तै सुन्दर देश छ, जनता छन् दयालु,
पृथ्वीबीच लाग्दछ मलाई यही देश मायालु।

## अर्को मेरो जिन्दगी

मेरी जीवन-संगीनी!
तिमी त मसँग सधैं
हाँस्ने, बाँच्ने बाझ्ने, लड्ने;
कहिले रमाउने, ठुस्किने र रिसाउने
तिमी त साझा जिन्दगी हो मेरी।
तिम्रो हाँसो-आँसु मेरो,
मीठो दुःख हौ तिमी,
रमाइलो सपना हौ तिमी,
साँचो खाँचो हौ तिमी,
जीवनको मीठो सत्य हौ तिमी!
यसैले तिमी त –
मेरो जीवनको आधा संसार हौ र
आधा जीवन हौ - अर्द्धाङ्गिनी!
कर्म-धर्म, पाप-पुण्य, लोभ-ईर्ष्या,
त्याग-तपस्या, काम-वासना अथवा
भौतिक सुख-शान्तिको साथी तिमी!
भौतिक र आध्यात्मिक संसारमा
शारीरिक र मानसिक संसारमा
तिमी र म
म र तिमी –
हामी दुई – एक शरीर, एक प्राण!
तिमी बिना म अधुरो,

म बिना तिमी अधुरो।

यसैले पनि लाग्छ मलाई

तिमी सागर झैं विस्तृत र गहिरो,

आकाश झैं फाँटिलो,

र संसार झैं रमाइलो –

तिमी मेरी जीवन - साथी!

रातको कोमल चन्द्र हौ तिमी!

सधैं तिमीमा व्याप्त म।

जीवनको उकाली र ओह्राली हुँदै

मसँग बितिरहने एउटा जिन्दगी तिमी!

मेरी भन्ने 'म' - बाहेकको अर्को 'मेरी जिन्दगी' तिमी!

## मान्छे अभिनेता

म सोच्दैछु –

आफैलाई प्रश्न गर्दै

आफैमा खोज्दैछु,

मान्छेले स्वीकारेको

मान्छेले पूजेको स्वर्ग –

आकाश

त्यो शून्य आकाशको आयतनमा

नीलम्बरको हेम्बारीभित्रको

त्यो शून्यताको अस्तित्व

मेरो सम्पूर्णतामा

युग-युगदेखि विराजमान छ।

धरतीमा अनादिकालदेखि

यही परिवेशमा,

यही स्थितिमा;

जन्मग्रहण गरेर मान्छेले

अनेकौं युग, शताब्दी र वर्षहरू पचाउँदै

युद्धको विभीषिका,

भीषण अकाल, यातना,

रोग र भोकको जर्जरतासँ लड्दै

मान्छे जातिको अस्तित्व

मान-मर्यादा, गर्व अनि यस्तै के-के बन्दै

मान्छे-मान्छेकै संसारमा –

मान्छे-मान्छेकै साथी र दुश्मन बन्दै

कर्त्तव्य र धर्मको,

माया र दयाको,

पाप र पुण्यको,

कहिले भिखारी र

कहिले दानीको रूपमा

आफूलाई स्थापित गरेर

कहिले रक्षक र भक्षकको

अभिनय गरिरहेछन् –

मान्छेहरू यहाँ!

## मेरो भगवान्

मेरो ईश्वरको मूर्ति अघि उभिएर
म नियालिरहेछु बारम्बार।
जीर्ण शरीर,
चिम्से आँखा,
खाली खुट्टा,
भोको पेट,
अर्द्धनग्न शरीर,
अतृप्त,
अभावपूर्ण,
कुण्ठित!
युग-युगदेखि मेरो भगवान्
अवहेलित र शोषित!
मन्दिर, गोम्पा र चर्चमा
सजाएर राखिएको छ,
सजावटका कुनै सामान झैं।
र यी गोम्पामा, मन्दिरमा
गिर्जा र मस्जिदमा मेरो भगवान्
मेरो ईश्वर वास्तवमा कैद छ।
मेरो ईश्वरको नाममा मानिसले
पूजा-अर्चना गर्न
धूप, बत्ती र अक्षत,
रूपियाँ, पैसा, धन-दौलत चढ़ाएको

तिम्रो नाममा पाएको
तिमी त देख्छौ मात्र,
तिमीले त खाली सुन्छौ मात्र,
त्यो खाने र लाने अनि त्यसमाथि
अधिकार जमाउने त कोही अर्कै छ!
तिम्रै नाममा बाँच्ने
तिम्रै सेवक र पुजारी भइटोपल्ने
तिम्रो नामको व्यापारमा फाइदा उठाउने
केही ती तथाकथित सेवक
दिन प्रतिदिन मोटाउँदैछन्!
यसरी मेरो भगवान्
तिमी युग-युगदेखि
यसरी ठगिएका छौ,
तिम्रै सब-थोक हुन् र पनि
तिम्रो केही छैन,
तिमी ईश्वर हौ र पनि
तिमी स्वतन्त्र छैनौ,
यसैले हिज झैं आज पि
मेरो ईश्वर तिमी त्यस्तै छौ!
मैले यो देखिरहेछु,,
तिमीले सब देखिरहेछौ –
तर ...?

## बिन्ती

हे मेरा भाइ हे मेरी बहिनी,
यो बिन्ती मानिदेऊ।
चम्काउने संसार स्वर्गलाई छुने,
विद्या हो जानिदेऊ।।

पापी र कप्टी दुष्टको घरलाई
मन्दिर बनाऊ,
सत्य र धर्म स्वर्गको बाटो,
सबलाई बुझाऊ।।

सत्य र अहिंसा मन्दिरको प्रसाद,
सबलाई बाँड़िदेऊ!
भावना सत्य ह्रदयमा बाली,
धर्मलाई जगाइदेऊ।।

'मानवता पूजा' गरेर संसार
उज्यालो बनाऊ।
पापी र दुष्ट अन्यायीलाई,
सुबाटो लगाऊ।।

विद्याको रस पिएर माथ
पवित्र पारिदेऊ।

कुमति जति संसारका काँड़ा,
उखेली मारिदेऊ।।

भेदभाव केही नराखी मनमा
मानवता जगाऊ।
पापी र कपटी अन्यायीलाई,
सत्य झुकाऊ।।

सत्य र धर्म परोपकार,
संसारलाई सिकाऊ।
पवित्र भाव उमारी मनमा,
संसार जगाऊ।।

गुनिउ-चोली दौरा र गुरूवाल,

संस्कृति अपनाऊ।
नेपाली भाषा संसारमा खासा,
लौ अब जगाऊ।।

## प्रवासको क्षितिजमुनि

प्रवासको क्षितिजमुनि
बाँचेका थिए मेरा पूर्खाहरू
दासत्वलाई गर्व ठानेर,
बोक्रे तक्मा र करतल ध्वनिहरूमा
अस्तित्वलाई बन्धक राखेर,
सजाए दासत्वका महलहरू
भोगेर लाखौं अभिशप्त जिन्दगीहरू।
यसैले, आज हामीहरू
चूपचाप –
छात्तीभरि पुराना घाउका डामहरू,
लाखौं पाउमुनि थिचिएर निस्सासिएका छौं।
अन्धकारभित्र लथालिङ्गै भएर
जिन्दगीको पसारो परेका छौं।
यसैले –
अब त ब्यूँझनुपर्छ (!)
हे, अभिशप्त मुरलीका धुनहरू!
किनकि तिम्रो छात्तीमा धेरैवटा दुलोहरू परेका छन्
अब त उठ्नुपर्छ (!)
धेरै युग भयो सुतेको सड़कको निंद्रा,
किनकि तिम्रो पसीना सुकिसक्यो
अत त तिमी जाग्नुपर्छ,
किनकि तिमीले बहाएका रगतहरू
यही धरतीमा मिसिएको छ।
यही धरतीमा तिमी त यत्रतत्र छौ,

तर तिमीले आफैलाई डराएका छौ,
तिमी त यहींका लेक र बेंसी भएखआ छौ,
यहींका कथा र व्यथा भएका छौ।
यसैले –
प्रत्येक अँध्यारो रातपछि
बिहानी भए झैं,
हाम्रो जीवन - भोगाइको सतहबाट
हाम्रो उज्यालो भविष्यको बिहान जन्मनुपर्छ।
संगी हो!
हाम्रो साँचो जीवनको
जन्मोत्सव मनाउन
क्रान्तिका दीपहरू बालेर
मान्छेका अँध्यारो मनहरूमा
स्वतंत्र र विष्पक्ष घाम लाग्नुपर्छ।
स्वार्थको धरतीमा
वास्तविकताको आकाश खोज्नुपर्छ।
जहाँ हाम्रो स्वाभिमान र गौरवका
ताराहरू चम-चम् चम्किऊन!
हामीले, मरेको माटोमा
हाम्रो अस्तित्वका फलहरू
ढकमक्क भएर फुलुन्!
हामीले बाँचेको प्रवासको क्षितिजमुनि
हाम्रै आकास र धरती हुन्।
हाम्रो आफ्नै संसार होस्!

## संसारदेखि फालौं

यस विश्वलाई टुक्रा-टुक्रा पारेर
भाग-भागमा विभक्त गरेर,
पूर्व-पश्चिम, उत्तर-दक्षिणमा बाँड़ेर,
देश-विदेश बनाएर,
शासन गर्दै ल्याए।
बहुसंख्यक शाषित बन्दै गए,
एक-दुइजनाको हातमा शासन रह्यो,
ठूला-बड़ाको हातमा शासन रह्यो,
शासन र शासनको बलमा,
पूँजी र शक्तिको बलमा,
मान्छेले मान्छेलाई लुट्न र भुट्नको निम्ति,
आसन र शासन हातमा सधैं सुरक्षित राख्नको निम्ति
यही शासकवर्गले यही शोषकवर्गले
आफ्ना कार्य-सिद्धिको निम्ति
विश्वलाई टुक्रा-टुक्रा पारेपछि,
मान्छेलाई विभिन्न टुक्रा पारेपछि,
मान्छेलाई विभिन्न जात र धर्ममा विभक्त गरेपछि
यही टुक्रिएको धरतीमा फेरि
स्वर्ग र नर्क स्थापित गरेर
सम्पूर्ण दुनियाँलाई नै, सम्पूर्ण विश्ववासीलाई नै;
मानवतालाई नै चिता बनाएर
जलाइरहेका छन्।
मान्छेलाई देवता र दानवको संज्ञा दिएर
भाइ-भाइमा लड़ाइरहेका छन्।

चार जात छत्तीस वर्णमा विभाजित गरेर
ब्रह्माण, क्षत्रीय, वैश्य र शूद्र बनाएर
मान्छेलाई विभक्त गरेर –
टुक्रा-टुक्रा पारेर
मान्छे नामको सिंगो अस्तित्वलाई लथालिंगै-लथालिंगै पारेर/मारेर,
ठूला-साना, धनी-गरीब बनाएर,
मान्छेलाई जात-पातको कैदी बनाउँदै लगे
मान्छेको अधिकारलाई सम्पन्नवर्गले – पूँजीपतिवर्गले
कब्जा गर्दै लगे।
मान्छेको स्वतन्त्रता, विस्तृति र अस्तित्वलाई
एक मुठी सम्पन्न मान्छेले आफ्नो स्वार्थपूर्तिको माध्यम बनाएर लगे।
स्वतन्त्रता केवल सपनाको गीतभरि रह्यो अस्तित्व।
केवल कल्पनाको माठो वेदना बन्यो
मान्छे यसरी मान्छेबाट ठगिंदै गयो।
दबिंदै गयो।
यसरी धेरै युगहरू मान्छेले नै बनाएका कारागाभित्र
बिते पछि –
मान्छेका अनगन्ति-अनगन्ति पुस्ताहरू मान्छेले नै बनाए,
कुव्यवस्था/कुसंस्कारभित्र अनगन्ति-अनगन्तिपल्ट
अन्यायले मरेपछि –
यो युग आइपुगेको छ।
यो युग अनगन्ति-अनगन्ति मान्छेहरू आएका छन्;
ठूला-साना, गरीब-धनी, राम्रा-नराम्राको संज्ञा बोकेर,
खाल-खालका धर्मका रंगी-बिरंगी झण्डा बोकेर,
आफ्नो-आफ्नो चिहान र चौतारा बोकेर,

आफ्नो-आफ्नो देश-विदेश र संसार लिएष
आफ्नो-आफ्नो भाषा, बोली, भेष-भूषा लिएर,
सीमाना-साँध आफ्नो-आफ्नो बाँध लिएर
आएका मान्छेहरू –
समस्याको महासागरमा डुबेका छन्,
कुव्यवस्था र कुसंस्कारले पिल्सिएका छन्,
यस्तै मान्छेहरूमा
यस संसारमा आज
खाएर...अघाएर मरेका छन् एक-दुइ भने
अनगन्तिलाई यहाँ भोकले पनि मार्न सकेको छैन
खान र लाउन नपाएका मान्छेहरूलाई
भोकले पनि बचाएका छन्।
शोक र रोगले पनि हार खाएक छन्,
खान नपाएको शोषित वर्गले बनाएको यो संसार
आज खाएर/अघाएर/अपच भएर मरेका मान्छेहरूको
पेवा बनेको छ।
यो संसार कति दषित बनेको छ;
हेर, चारैतिर आज –
यहाँ अघाएर मरेका मान्छेहरूका लाशले
बास गरिरहेछन्।
मूर्दाहरूको बस्ती न हो यो संसार!
यसैले ए, विश्ववासी मानव हो!
आऊ, एकपल्ट एक भएर यी लाशहरूलाई
हाम्रो संसारदेखि पन्साऊ, हटाऊ।
न्यायको आगोमा जलाएर निमिठ्यान्नै पारौं
यी दूषित लाशहरूलाई हाम्रो संसारबाट

सधैं-सधैंको लागि उठाएर फालौं,
फालौं!